आज मिति २०७६ साल बैशाख १६ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख

श्री रेणु आचार्य, नगर उप प्रमुख

श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १

श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीत बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३

श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४

श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५

श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८

श्री लक्ष्मुमन राना, वडा अध्यक्ष वडा नं. ९

श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०

श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११

श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२

श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३

श्री रमना परियार, कार्यपालिका सदस्य

श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य

श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य

श्री खिम कुमारी राना, कार्यपालिका सदस्य

श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य

श्री भुमीकला सुनार, कार्यपालिका सदस्य

श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य

श्री विष्णु खत्री, कार्यपालिका सदस्य

श्री कमलप्रसाद पौडेल, (~~सदस्य~~ सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी

श्री मान बहादुर ठाडा, लेखाअधिकृत आठौं

श्री शिशिर कुमार खड्का, योजना शाखा प्रमुख

श्री पिताम्बर पौडेल, प्रशासकीय अधिकृत

श्री कुल बहादुर खड्का, ना.सु.

श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत

श्री विर बहादुर चुनारा, सरसफाईकमी सहयोगी

**प्रस्ताव नं. १ : अतिक्रमण हटाउने सम्बन्धमा ।**

निर्णय नं. १ : प्रस्तुत विषयमा सम्मानित उच्च अदालत सुर्खेतबाट मिति २०७४।२।१९ गते भएको फैसलाबमोजिम इलाका प्रहरी कार्यालयदेखि बरको रुखसम्मको अतिक्रमित क्षेत्रको सम्बन्धमा यस कार्यालयबाट मिति २०७४।११।२२ र मिति २०७५।११।२८ गते सडक अतिक्रमण गरी बनाईएका संरचना हटाउने सम्बन्धमा भएको परिपत्रबमोजिम अदालतबाट नहटाउने अन्तरिम आदेश भई रोक्का भएको हकमा बाहेक अन्यको हकमा जनप्रतिनिधीसहित कर्मचारीद्धारा अतिक्रमण हटाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : रकम विनियोजन गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ : प्रस्तुत विषयमा भेरीगंगा न.पा. ७ को सामुदायिक विकास केन्द्र नेपालबाट प्राप्त प्रस्तावको सम्बन्धमा नगरपालिकाले तोकेको शर्तको आधारमा कार्य गर्ने गरी रु ३ लाख रुपैयाँ आन्तरिक आम्दानी वा प्रवर्द्धनात्मक शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : अनुगमन भत्ता दिने सम्बन्धमा ।**

निर्णय नं. ३ : प्रस्तुत विषयमा यस नगरपालिकाको योजना अनुगमनमा जाने टिम अनुगमन गर्न जाँदा नगरपालिका स्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरुलाई यस नगरपालिकाको कार्यपालिका बैठक बराबरको सुविधा निर्णयभएको मितिदेखि लागू हुने गरी नियमानुसार करकट्टी गरी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : नयाँ ट्याक खोल्ने सम्बन्धमा ।**

निर्णय नं. ४ : प्रस्तुत विषयमा यस नगरपालिकाका पहाडी इलाकाहरुमा नयाँ ट्याक खोल्ने सम्बन्धमा ५ मिटर बनाई आगामी दिनमा कार्य अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : रोजगार संयोजकलाई पोषाक भत्ता दिने सम्बन्धमा ।**

निर्णय नं. ५ : प्रस्तुत विषयमा यस नगरपालिकाका रोजगार संयोजकलाई नेपाल सरकारले तोके बमोजिमको पोषाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : साझेदारी सम्बन्धमा ।**

निर्णय नं. ६ : प्रस्तुत विषयमा सुर्खेत नेत्रनिह संघको प्रस्तावमाथी छलफल गर्दा रु ४० हजार रुपैयाँ प्रवर्द्धनात्मक शिर्षकबाट विनियोजन गर्ने र नगरपालिकाले तोकेको शर्त बमोजिम नगरस्तरिय अपांगता समन्वय समितिसँग सहकार्य गर्ने गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो । साथै अपांग पुर्नस्थापना केन्द्र भेरीगंगाको प्रस्ताव बमोजिम रु ६० हजार रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : शिक्षा समिति सम्बन्धमा ।**

निर्णय नं. ७ : प्रस्तुत विषयमा भेरीगंगा नगरपालिकाको नगर शिक्षा समितिमा तपसिल बमोजिमका नगरसभा सदस्य ज्यूहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

तपसिल

१. विष्णु खड्का, वडा नं. ४

२. नवराज कार्की, वडा नं. १